website र सूचना पाटी

तेह्रथुम जिल्ला अदालत म्याङलुङ स्था : २०१७

क्षतिपूर्तिको विगो नं.-१/३

## तेह्रथुम जिल्ला अदालत
## लिलाम वढावढको सुचना

जाहेरवाला वादी जिल्ला तेह्रथुम साविक इसिवु गाविस वडा नं. ९ हालको परिवर्तित फेदाप गाउँपालिका वडा नं. ५ गौरीखर्ब बस्ने अजिमायाँ भेटुवाल तथा प्रतिवादी ऐ.ऐ. बस्ने धर्म बहादुर परियारको छोरा वर्ष ३७ को सिताराम परियार भएको क्षतिपूर्ति भराई पाउँ मुद्दामा तेह्रथुम जिल्ला अदालतको मिति २०७६/१०/२६ गतेको फैसला तथा उच्च अदालत विराटनगर धनकुटा इजलासबाट मिति २०७७/१२/१० मा सुरु सदर हुने गरी भएको फैसला बमोजिम जाहेरवाला वादीले प्रतिवादीवाट भरिपाउने ठहरेको विगो रु.१६०,०००/- (एक लाख साठ्ठी हजार रुपैयाँ) प्रतिवादीले जाहेरवाला वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा बादीले फैसला अनुसार प्रतिबादीबाट भरि पाउने बिगो प्रतिवादी सिताराम परियारको आमा धर्ममायाँ नेपालीका नाममा रहेको तपशिलमा उल्लेखित सम्पतिवाट असुल उपर गरि पाऊ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पती २०७९/६/५ गते यस अदालतमा पहिलो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०७९/६/५ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ ।बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. **डाँक लिलाम हुने सम्पत्तिको विवरण**

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./ न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धर्ममायाँ नेपाली | इसिवु-९ | ३०६ | ७-१-० | विगो रकमले खामेजति | रु.१६०,०००/- (एक लाख साठ्ठी हजार रुपैयाँ) | उक्त जग्गाको पूर्व तर्फबाट लिलाम हुने |

**सूचना टाँस हुने**

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- मालपोत कार्यालय सक्रान्तीबजार
- नापी कार्यालय सक्रान्तीबजार
- फेदाप गाउँपालिका वडा नं. ५को कार्यालय
- साविक इसिवु गा.वि.स. वडा नं. ९ को कि.न. ३०६ को जग्गा
- अदालतको सूचना पाटी

२०७९।५।८

ईती संम्बत २०७९ साल भाद्र ७ गते रोज ३ शुभम........................................................................